# उर्लाबारी नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजना

# (आ.व. २०८०/८१ –२०८४/०८५ सम्म) को अद्यावधिक

# आ.व. ०८१/०८२

उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

उर्लाबारी, मोरङ ।

# खण्ड-१ रणनैतिक सन्दर्भ (strategic context)

## १.१ पृष्ठभूमि

उर्लाबारी नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरि बढ्दो बेरोजगारी र गरिवीलाइ न्यूनिकरण गर्न नेपालको संवैधानीक र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघीय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगारी सिर्जना तर्फ केन्द्रित रहेका छन। आर्थिक वृद्धि र गरिवी न्युनिकरणको आधार नै उत्पानदशिल रोजगारी रहेको छ । नागरिकको न्यूनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पुर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाइ प्रतिस्पर्धि एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरि रोजगारिका राष्ट्रिय प्राथमिकता र दिर्घकालिन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारी सवैंधानीक व्यवस्था र कानूनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जुमा गरेका रोजगारी सम्बन्धी नीति, नियम, कार्यविधिलाई आम नागरिकको जीवनमा रुपान्तरण गर्न उर्लाबारी नगरपालिकामा रोजगार रणनीति आवश्यक परेको छ । श्रोत साधनको समुचित र एकिकृत गरी उर्लाबारी नगरपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने जसबाट न्युनतम रोजगारीका कार्यक्रम, उधमशिलता तालिम, व्यवसायिक सिप विकास, सिपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्नेछ ।

रोजगार नीति,२०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउँदै श्रम बजारको माध्यमबाट उत्पादनशील,मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल वनाई गरिवी निवारणमा योगदान पुर्याउनु नीतिको दुर दृष्टि रहेको छ । उक्त दुर दृष्टि वमोजिमका उदेश्यहरु र बिषयवस्तुलाई आत्मसात गर्न उर्लाबारी नगरपालिकाले तयार गरेको रोजगार रणनीति आ.व.२०८०/०८१-२०८४/०८५ लाई समीक्षा गरि अद्यावधिक गर्न आवश्यक रहेको हुँदा चालु आ.व.मा अद्यावधिक कार्य गरिएको छ ।

## १.२ कृषि क्षेत्रमा दिगो उत्पादनशिल रोजगारी

- सिँचाइ, कृषि सामाग्री,आधुनिक प्रविधि, मल र बजारिकरणमा समन्वय गरि न्युनतम रोजगारीको सुनिश्चत गर्न कृषिमा दिगो उत्पादनशिल रोजगारीमा जोड दिईने।यसका लागि नगरपालिकाको कृषि भु-योग्य जमिनको उपयोग तौलतरिका, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्राप्तिको वातावरण तयार गरि श्रमिक समुह बनाइ १०० दिनमा उत्पादन गर्न सक्ने मौषमि तरकारी, प्रमुख अन्नबाली,नगदे बाली उत्पादन हुने क्षेत्र पहिचाहन गरि रोजगारी सिर्जनामा जोड दिइने छ ।

## १.३ व्यवसायिक सिप विकास र तालिम

सबै इच्छुक नागरिकलाई आवश्यक व्यावसायिक सीपमा अभिबृद्धि गरि आन्तरिक रोजगारीको माग र आपुर्तिमा अन्तर्सम्बन्ध कायम गरि आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरि आन्तरिक रोजगारी र बैदेशिक रोजगारी मार्फत नागरिकको जिवनस्तरमा सुधार आउनेछ ।

- अनौपचारीक क्षेत्रमा सीप सिकेकाहरुलाई सीपको पहिचान गरि सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- बजारको माग र जनशक्ति आपुर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सीप विकासका कार्यक्रम संचालन ल्याईनेछ ।

## १.४ निर्माण क्षेत्र

- पुर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइनेछ ।
- सामुदायिक विकासका आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरिनेछ ।
- स्थानीय पुर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरिनेछ।

श्रम तथा रोजगारीका गतिविधिले उर्लाबारी नगरपालिकाको सामाजिक र आर्थिक उन्नतिमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकासमा सघाउ र रोजगारीको सुनिश्चतताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्नेछ।

- श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक विकास गरि आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने।
- आन्तरिक रोजगारी मार्फत नागरिकको जीवनस्तरमा सुधार आउने।
- गाँउघरमै न्युनतम रोजगारी पाएमा जिवनयापन गर्न बिदेशमै जानुपर्ने अवस्थामा सुधार आउने ।
- बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सिप उपलव्ध गराएमा बैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुँदा जिवनयापनमा सहजता आउने।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइनेछ र उत्पादन भएका बस्तुको वजारीकरण, व्यवस्थापन तथा थप रोजगारी सिर्जना गर्न विशेष पहल गरिने ।
- विकासका पुर्वाधारमा दक्ष र सिपमुलक जनशक्ति प्रयोग गर्दा दैनिक ज्यादरमा बृद्धि हुने हुँदा दैनिक जीवन यापनमा मदत पुग्ने ।
- विपन्न, न्यून आयश्रोत भएका व्यक्तिले पहिलो प्राथमिकतामा रहि अवसर पाउने हुँदा सामाजिक रुपमा उच्च सम्मान हुने ।

## १.५ विधमान नीतीगत तथा कानुनी व्यवस्था

- सविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारी छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ ।
- धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक,सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- सविधानको धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक,आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमै रोजगारी अभिबृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभुति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै बैदेशिक रोजगारीबाट आर्जन भएको पुँजि, सिप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।
- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

## १.६ कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक सम्बन्धि ऐन,२०७५, रोजगारीको हक सम्बन्धि नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति २०७२
- श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी रणनीति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना
- १५औ पञ्चवर्षिय योजना
- सरकारका नीति तथा कार्यक्रम
- उर्लाबारी नगरपालिकाको आवाधिक योजना २०८०/८१-२०८४/८५

## १.७ रोजगार रणनीतिको आवश्यकता/औचित्य

उर्लाबारी नगरपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लगि आन्तरिक रोजगारी सिर्जना गरि बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सिर्जना नहुँदा वर्षेनी ठुलो संख्यामा युवाशक्ति रोजगारका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखि संविधानमै रोजगारीको हकको व्यवस्था गरि त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन, र कानूनहरु कार्यान्वयनमा रहेका छन। संविधान, ऐन तथा कानूनले निदिष्ट गरेका व्यवस्थालाई नागरिकको जिवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमहरु अपेक्षित रुपमा प्रभावकारी भएको पाइँदैन । सवै स्थानीय तहमा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम उर्लाबारी नगरपालिकामा पनि विगत ५ वर्ष देखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रम पनि रहेका छन तर स्थानीय तहमा श्रोत साधनलाई एकिकृत गरि परिचालन गरिएमा नागरिकलाईलाई रोजगारीको हक सुनिश्चित गर्न मदत पुग्ने हुनाले स्थानीय रोजगार रणनीति वाञ्छनिय देखिन्छ।

## संचालनमा रहेका कार्यक्रमको उपलब्धिको समीक्षा :

प्रधानमन्त्री रोजगार कार्यक्रममा आ.व. २०७६/७७ मा २०६ जनालाई १०० दिन, आ.व. २०७७/७८ मा ९७ जनालाई १०० दिन, आ.व. २०७८/७९ मा ६६ जनालाई १०० दिन, आ.व. २०७९/८० मा १५० जनालाई १०० दिन, २०८०/८१ मा १०० जनालाई १०० दिन र आ.व. २०८१/८२ मा १५० जनालाई १०० दिनको न्युनतम रोजगारी यस नगरपालिका भित्रका सामुदायिक विकास निर्माण तथा मर्मत स्तरोन्नतिका आयोजनाहरुमा प्रदान गरिएको छ । सिमित श्रोत साधन तथा संघीय सशर्त अनुदानमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ । सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । रोजगारीका क्षेत्रमा आवश्यक श्रोत

साधन प्रयोग गरि धेरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा  हाल संचालनमा रहेका रोजगार सम्बन्धि कानूनी प्रावधानले तय गरेका दिर्धकालिन उदेश्य पुरा गर्न, स्थानीय तहको श्रोत साधन सहित प्रयोग गरि धेरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रमा संलग्न गराई श्रम तथा रोजगार क्षेत्रका दीर्घकालिन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएकाले तीन वटै तहबाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यन्वयन गदै उत्पादनशिल रोजगारीको विकास र उपयोग गर्न यो रणनीति योजना तयार गरिएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीति योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम विच सामञ्जस्यता  कायम गर्न,
- नगरपालिका भित्र मर्यादित रोजगारीको लागि उद्धमशिलताको विकास र आन्तरिक रोजगारी प्रवर्द्धन गर्न ,
- श्रोत साधनलाइ रोजगारमा केन्द्रित गर्न,
- उत्पादनशिल र दिगो रोजगारीमा पहल गर्न,
- न्युनतम रोजगारीमा मार्फत पुर्वाधार विकास र उत्पादनशिल रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन,
- बैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सिपमुलक तालिम संचालन गर्न

## १.८ अध्ययनको पद्धतिः

स्थानीय तहको रोजगार रणनीति अद्यावधिकका लागि आवश्यक पर्ने सूचना , तथ्याङ्क संकलन गर्न रोजगार रणनिति निर्माण सम्बन्धी मार्गदर्शन,२०८० ले निर्धारण गरेका अनुसूचि २ का प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ साथै सरोकारवालासँगको स्थलगत रुपमा गई समीक्षा तथा अन्तरक्रिया गरि सूचना संकलन गरिएको छ। त्यसै गरि नगरकार्यापालिकाको कार्यालयका सम्बद्ध शाखाहरुसँग छलफल गरि विगत एक वर्षको उपलब्धीगत तथ्यांक संकलन र आगामी आ.व.मा रोजगार रणनीतिमा आवश्यक पर्ने संशोधन तथा अद्यावधिक गर्नुपर्ने विषयहरुको सुझाब संकलन गरियो । साथै नगरपालिकामा रहेका ठुला रोजगारी श्रृजना गर्ने उद्योग, व्यवसाय,संस्थागत विद्यालयहरुसँग स्थलगत रुपमा छलफल र फोन संवादमार्फत छलफल गरि तथ्यांक तथा सुझाब संकलन गरि रोजगार रणनीतिमा अद्यावधिक गरियो ।

## १.९ क्षेत्र :-

उर्लाबारी नगरपालिकाको रोजगार रणनितिले आन्तरिक रोजगारीको अवस्था, सीप विकास तालिम तथा बैदेशिक रोजगार सम्बन्धी क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ ।यस रोजगार रणनितिका क्षेत्रहरु देहाए बमोजिम रहेका छन ।

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौति तथा समाधानका उपाय
- प्रधानमन्त्रि रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चुनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशिल रोजगारीको सम्भाव्यताको खोजि तथा प्रवर्द्धन
- बैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजिकरण
- सीपयुक्त जनशक्ति तयार गर्न  सीप विकास तालिम

**१.१० सिमा:-** उर्लाबारी नगरपालिकाको ९ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनीति तयार गरिने छ। यसमा उर्लाबारी नगरपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशिल क्षेत्रको अवस्था, रोजगारी सिर्जना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन ।

# खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (**Analysis of the current situation**)

स्थानीय तहको रोजगार रणनीतिको अद्यावधिक गर्दा देहायका विषयमा विश्लेषण गरिएको छ ।

## २.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार) :-

९ वटा वडा रहेको यस  उर्लाबारी नगरपालिकाको वडा नं.१ मा ८८०४, वडा नं.२ मा ८४१३, वडा नं.३ मा ७३०२, वडा नं.४ मा  ९७९०, वडा नं.५ मा ५५३५, वडा नं.६ मा ५६७०, वडा नं.७ मा १०७१९, वडा नं. ८ मा ७८५१, वडा नं.९ मा ६८२४ गरि जम्मा ७०,९०८ जनसंख्या रहेको छ। जसमा ४७.० प्रतिशत पुरुष र  ५३.० प्रतिशत महिला रहेका छन भने लैङ्गिक अनुपात ८८.८३ रहेको छ। नगरपालिका भित्र जनघनत्व ९५० रहेको पाइन्छ । भौगोलिक धरातल अनुसार फरक फरक जनसंख्याको बनौट रहेको छ, साविकको राजघाट गा.वि.स.मा बढी उत्पादनयोग्य जमिन, व्यापार व्यवसाय गर्न सहज, शिक्षा, यातायतको सुविधाको पहँच भएकाले यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको जनघनत्व बढी रहेको छ भने नगरपालिकाको मध्य र उच्च भुभागमा जनघनत्व क्रमश न्यून छ ।

## २.२ रोजगारीको अवस्था :- जनगणना २०७८ अनुसार

- १० र वर्ष र सो भन्दा माथिको उमेरको जनसंख्याको ६१.१ प्रतिशत आर्थिक क्रियाकलापमा संलग्नता छ भने ३८.९ प्रतिशत मानिसहरु कुनै पनि आर्थिक क्रियाकलामा संलग्न छैनन्।
- आर्थीक कृयाकलापको पेशागत क्षेत्रमा रोजगारीमा संलग्न जनसंख्याका आधारमा कृषिक्षेत्र तर्फ १२९०९, सामान्य वा प्राथमिक पेशाका क्षेत्रमा ९५५०, पेशाविदमा १३२८, सेवा तथा वस्तु विक्री गर्ने क्षेत्रमा २१७८, व्यवस्थापकमा ३४८९, शिल्पकलाको क्षेत्रमा २३१४, कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने क्षेत्रमा १३५४, प्राविधिक तथा सहायक पेशाविदहरु ५४९ र सुरक्षा निकायमा ७२ जना कामदारहरु रहेका छन ।
- ४९४ जना रोजगारदातामा ३६५ जना पुरुष र १२९ जना महिला रहेका छन।

## २.३ स्थानीय तहमा रहेका उधोग प्रतिष्ठान र रोजगारदाताको विवरण

- वडा नं. १,२,३,४,५ मा कुनै पनि मझौला र साना उधोग नभएको अवस्था छ, नगरपालिका भित्र २७ वटा सहकारी संस्थाहरु रहेकोमा नगरपालिकाकै कार्यक्षेत्र अन्तर्गत १६ वटा सहकारीहरु सक्रिय अवस्थामा रहेका छन् ।

## २.४ उधोगको संख्या र रोजगारीमा संलग्न भएका व्यक्तिको विवरण

- *स- साना उधोग ४९४ रोजगारदाता रहेको राष्ट्रिय जनगणना २०७८ ले उल्लेख गरेको छ, स्थानीय तहको रोजगार रणनीति निर्माणको मार्गदर्शन २०८० को अनुसूचि २ बमोजिम सुझाव संकलन गर्ने क्रममा ३५ वटा रोजगारदातासंग सुझाव संकलन उक्त विवरण अनुसूचि १ मा राखिएको छ ।*

## २.५ स्वरोजगारका लागि नयाँ उधोग तथा प्रतिष्ठान खोल्ने अवस्था

- कृषिमा आधारित साना उधोग हुन सक्ने
- ग्रिल तथा निर्माणजन्य साना उद्योगको स्थापना हुन सक्ने

## २.६ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृति

- वि सं २०७८ सालको जनगणना अनुसार सम्मको मोरङ्ग जिल्लाबाट वैदेशिक रोजगारमा रहेका कामदार संख्या ७५८६८ थियो। जसमा पुरुषको संख्या ६३८४७ र महिलाको संख्या १२०२१ रहेको छ भने उर्लाबारी

नगरपालिकाबाट वैदेशिक रोजगारमा जानेको संख्या ७५४३ थियो जसमा पुरुष ६०३५ जना र महिला १५०८ जना रहेका थिए ।

उर्लाबारी नगरपालिकामा आर्थिक बर्ष २०८१/०८२ चैत्र मसान्तसम्म श्रम स्विकृति लिई विभिन्न गन्तब्य मुलुक गएका ब्यक्तिहरु

| वडा न | श्रम स्विकृति लिएर वैदेशिक रोजगारमा जानेको संख्या | कैफियत |
|---|---|---|
| १ | ३३ | २६ जना अन्य स्थानीय तहको हुनुहुन्छ । |
| २ | २८ | |
| ३ | १३ | |
| ४ | ५२ | |
| ५ | २१ | |
| ६ | १३ | |
| ७ | ३९ | |
| ८ | ४३ | |
| ९ | १३ | |
| जम्मा | २५५ | २८१ |

## २.७ वैदेशिक रोजगारका लागि उपलव्ध सेवा तथा सुविधाको विश्लेषण

- बैदेशिक रोजगारलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ।
- बैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण, सूचना प्रवाह र प्रवद्धनात्मक क्रियाकलाप संचालन गर्ने ।

- बैदेशिक रोजगार जाने श्रमिकको श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिमा सहजिकरण गर्ने ।
- बैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनर्स्थापना र पुन:एकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय, सहकार्य र सहजिकरण।

२.८ नगरपालिकामा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

चुनौतीः

- बेरोजगार युवाहरुलाई श्रमप्रतिको सकारात्मक धारणामा रुपान्तरण गर्न नसक्नु ।
- विकासका पुर्वाधारमा आवश्यक श्रोत साधनको अभाव हुनु ।
- बेरोजगार युवाहरुले उत्पादनशील रोजगारी अन्तर्गत कृषि तथा पशुपालनमा भविष्य नदेख्नु।
- सीपलाई रोजगारमा रुपान्तरण गर्नु।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारित रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- न्युन बजेटमा अपेक्षा धेरै हुनु ।
- रोजगारमैत्री लगानीको कमि हुनु ।
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सिप र पुँजीलाई उचित परिचालन गर्न नसक्नु ।
- स्वदेशमा उत्पादन भएका सामग्रीहरुको उचित बजारीकरण हुन नसक्नु ।
- श्रमिकलाई सम्मानजनक पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गर्न नसक्नु ।
- साना तथा घरेलु उद्योगलाई प्रबर्द्धन गर्नु ।
- औद्योगिक ग्राम स्थापना गर्नु ।

अवसरः

- श्रम ऐन, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली, सामाजिक सुरक्षा सम्बन्धी ऐन सम्बन्धी कानूनी व्यवस्था भएको ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्र, रोजगार मेला, श्रम बजार लगायतका क्रियाकलाप नगरपालिकाबाट सञ्चालन हुनु ।
- प्राविधिक शिक्षालय, विद्यालयमा प्राविधिक धारको अध्यापन ।
- बढ्दो शहरीकरण, व्यवसायिकरण ।
- वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान, सिप र पुँजी ।
- नगरपालिकाले मझौला तथा ठूला उद्योग स्थापना गर्दा करमा सहुलियत दिने प्रावधान रहेको ।
- धार्मिक, साँस्कृतिक र पर्यापर्यटनका प्रचुर सम्भावनाका स्थलहरु रहनु ।
- कृषियोग्य भूमी, भूमिगत सिंचाइको व्यवस्थाको राम्रो व्यवस्था रहेको ।
- कृषिजन्य व्यवसायलाई छुट सहुलियतको व्यवस्था भएको ।
- नगरपालिका भित्रका सबै वडा तथा वस्तीहरुमा सडक सञ्जालले जोडिएको साथै राष्ट्रिय राजमार्ग, सहायक राजमार्गको संजालले छोएको ।
- साप्ताहिक हाटबजार र कृषि बजारको संचालन तथा ब्यवस्थापन भएको ।

उपलव्धिः (हामि कहा छौ ?)

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति भएको हुने ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा रोजगारी पाएको हुनेछ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित भएको हुनेछ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक भएको हुनेछ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार भइ कार्यान्वन भएको हुनेछ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा तथा अन्य सेवा संचालन विश्वसनियता बढेको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुने
- दिगो र उत्पादनशील रोजगारिका क्षेत्रका पुर्वाधार निर्माण भएको हुनेछ।

- दिगो रोजगारीका लागि उधमशिलताका नयाँ क्षेत्र पहिचान भइ वार्षिक दिगो रोजगारिमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तिन तहको रोजगारीका कार्यक्रमलाइ एकिकृत गराउन सहयोग पर्नु ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भइ बार्षिक न्युनतम रोजगारीका क्षेत्रमा सूचिकृत बेरोजगारीको संख्यामा हाल करिव ८% ले मात्र रोजगारी पाएकोबाट २०% सम्मलाइ रोजगारी पाएको सुनिश्चित हुने ।

## खण्ड :- ३

## रणनैतिक विश्लेषण

नगरपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, श्रोत साधनको अधिक प्रयोग गरि बढ्दो बेरोजगारी र गरिवीलाई न्यूनिकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलव्धिमूलक नभएको अवस्था रहेको छ ।संघीय सरकारको रोजगार नीतिलाई आत्मसाथ गरि तिन वटै तहबाट प्राप्त श्रोत साधन जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सीपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न र पुर्वाधार मात्र न्युनतम रोजगारी पाउने कानूनी व्यवस्थाले मात्र रोजगारीका संख्या बढाउन नसकिएको अवस्थामा, बर्षेनी सयौ बेरोजगार नागरिक बैदेशिक रोजगारोमा गई रहेका बर्तमान चुनौतीलाइ आत्मसाथ गरि आन्तरिक रोजगारीका नँया क्षेत्र पहिचान गरि स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाइ गाउँमै बस्ने बातावरण तय गर्न रणनीति योजनाले मार्ग निदेर्शन गर्ने अपेक्षा छ ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।

# खण्ड-४

## रणनैतिक सवाल

नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गरि उपलव्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिबृद्धि गरि रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीक हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाइ उपलव्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत श्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, बैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारिका क्षेत्र पहिचान गर्न, उधमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु यस रणनैतिक सवाल रहेका छन ।

# खण्ड –५

## दूरदृष्टि,लक्ष्य र उदेश्य ( long –term vision, mission, objectives)

**सोच :** "समृद्ध नगर कृषि, उद्योग, पशुपालन, पर्यटन र विकासका पुर्वाधारमा रोजगार" रणनीतिक योजनाको दिर्घकालिन सोच हुनेछ ।

**लक्ष्य :** सुचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभुति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेकोछ ।

**उदेश्य :** नगरपालिकाको रोजगार रणनीति तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै नगरपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन ।

१. विकासका पुर्वाधारमा, कृषिको उत्पादन, जडिबुट्टिको तथा बन पैदावरको संकलन, प्रशोधन बजारीकरण,उद्यमशीलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफुल खेति मार्फत न्यूनतम रोजगारी देखि दीगो र उत्पादनशील रोजगारीको सुनिश्चित गर्नु ।

२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सीपयुक्त जनशक्तिको उपयोग गर्नु।

३. बैदेशिक रोजगारीमा जाने इच्छुक युवाहरुलाई आवश्यक पर्ने सीप, अभिमुखिकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सूरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशी क्षेत्रमा उपयोग गर्नु ।

४. रोजगारमुलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री बनाउनु ।

**नगरपालिकाका प्राथमिकताहरु:-**

१. आन्तरिक, दीगो तथा उत्पादनशील रोजगारीमा जोड ।

२. सीपमूलक तालिममा जोड ।

३. कृषि , वन पैदावरमा रोजगारी सिर्जना ।

४. जडिबुट्टि,उद्योग, पर्यटन, खानी, उद्यमशिलतामा जोड ।

५. विकासका पुर्वाधार ।

६. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई उत्पादनका क्षेत्रमा संलग्न ।

७. बैदेशिक रोजगारीमा जान चाहने युवालई परार्मश,अभिमुखिकरण।

## खण्ड :- ६

## रणनैतिक लक्ष्यहरु ( strategies goals )

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सीपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरि रोजगारीमा केन्द्रित गर्नु ।
- संघीय श्रम तथा रोजगार नीतिलाई उपलव्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपुर्तिको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- बैदेशिक रोजगारलाई सुरक्षित उपलव्धिमूलक बनाउन परार्मश सेवा सेवा संचालन गर्नु ।
- बैदेशिक रोजगारीबाट फर्किएका युवालाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु .

- कृषि बनपैदावर उद्योग तरकारी, फलफुल खेति, मसाला बाली,जडिबुट्टि मार्फत दीगो रोजगारलाई सुनिश्चित गर्नु ।

## खण्ड- ७

# रणनैतिक स्तम्भ/ प्रमुख रणनीति तथा कार्यनीतिहरु ( **Major strategies** )

## ७.१ रणनीतिक स्तम्भ

रणनीति योजनाको सोच लक्ष्य र उदेश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

**स्तम्भ-** १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

**स्तम्भ-** २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति ।

**स्तम्भ-** ३: बैंदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।

**स्तम्भ-** ४: रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री ।

## ७.२ रणनीति तथा कार्यनीति

| रणनीतिक स्तम्भ- १:<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सिप सिकाउने र सिपको प्रयोग गर्ने । | १.१.१ माग र आवश्यकताका आधारमा वार्षिक रुपमा छोटो अवधिको तालिम न्यूनतम २०० जनालाई र लामो अवधिको तालिम न्यूनतम १०० जनालाई तालिम प्रदान गरिनेछ । १.१.२ विकास निर्माणका कार्य, कृषि, घरेलु उद्योग तथा कलकारखानामा सीप सिकेका श्रमिकलाई श्रमदाताहरुसँग |

| | |
|---|---|
| | सोझै सम्पर्क स्थापित हुने नेपाल सरकार, प्रदेश सरकारको श्रम संसार वेब पोर्टलमा अन्तर आबद्धता गराउन रोजगार सेवा केन्द्रले सहजिकरण गर्ने । |
| १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यन्न बालि, मसाला बालि, तरकारी पकेट, फलफुल खेती क्षेत्रको जमिनको छनौट, माटो परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरि पकेट कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । |
| रणनीतिक स्तम्भ- २:<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | |
| २.१ जीवनउपयोगि सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने अवस्था विकास गर्न प्रविधि र पुँजीसँगको पहुचका लागि सम्बन्ध स्थापित गर्न पुलको रुपमा कार्य गर्ने । |
| २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम उपलब्धताका लागि श्रम मन्त्रालय, सामाजिक विकास मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, व्यवसायिक सिप विकास प्रतिष्ठान, CTEVT, विभिन्न परियोजनासँग समन्वय गरेर तालिम दिने व्यवस्था मिलाउने र सोको लागि आवश्यक सहजिकरण गर्ने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ नगरपालिका भित्रका निजि क्षेत्रका उद्योग व्यवसायी सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अध्यावधिक अभिलेख राखिने, वार्षिकरुपमा सम्मान गर्ने । |
| स्तम्भ- नं. ३<br>बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | |

| | |
|---|---|
| ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ ।<br>३.१.२ सुरक्षित वैदेशिक रोजगारीका लागि समुदायस्तरमा अभिमुखीकरण गर्ने । |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने र सोको सदुपयोग गर्ने ।<br>३.२.२ वैदेशिक रोजगारबाट फर्केकाहरुलाई मागमा आधारमा सिपमूलक तालिम र व्यवसाय प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन ।<br>३.२.३ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सिप र नवीनतम सोचलाई पालिकाबाट IDEA BANK मा अभिलेखिकरण गरी नीति तथा कार्यक्रममा र सुरक्षित लगानीमा प्रयोग गर्ने । |
| स्तम्भ- नं. ४<br>रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.१ सीप विकास, सहुलियतपुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिनेछ ।<br>४.१.२ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने ।<br>४.१.३ श्रमको सम्मान, राष्ट्रको अभियानलाई स्थानीयकरण गर्न श्रमिकहरुलाई नेपाल सरकारको न्यूनतम पारिश्रमिक उपलब्धताको सुनिश्चित गर्ने, बिमा, कार्यस्थलमा सम्मानजनक |

| | |
|---|---|
| | व्यवहारको सुनिश्चित गर्न/गराउन आवश्यक कार्य गर्ने । |

## ७.३ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा शेल्यशिखर नगरपालिकाका सरोकारवाला निकाय, निजि क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज समाज सेवी निर्माण व्यवसायी उद्योग व्यवसायी लगायतका आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

# खण्ड- ८

# पाँच वर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan)

## उर्लाबारी नगरपालिका नगरपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तम्भ नं. १<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने | | | | | | |
| रणनीति १.१ विकासका पुर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सीप सिकाउने र सिपको प्रयोग गर्ने । | | | | | | |
| कार्यनीति १.१.१ माग र आवश्यकताका आधारमा वार्षिक रुपमा छोटो अवधिको तालिम न्यूनतम २०० जनालाई र लामो अवधिको तालिम न्यूनतम १०० जनालाई तालिम प्रदान गरिनेछ । | | | | | | |
| **क.सं** | **क्रियाकलाप वा कार्यक्रम** | **जिम्मेवारी** | **सहायक निकाय/** | **समयवधि** | **कार्यसम्पादन सूचक** | **जोखिम** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | निकाय/ शाखा | शाखा | | | |
| १.१.१.१ | छोटो अवधिको सिप विकास तालिम सञ्चालन गर्ने । | रोजगार सेवा केन्द्र | लै.स.सा.स शाखा | निरन्तर | सिप सिकेकाहरुको अभिलेख, कार्यसम्पन्न प्रतिवेदन | |
| १.१.१.२ | लामो अवधिको सिप विकास तालिम सञ्चालन गर्ने । | रोजगार सेवा केन्द्र | लै.स.सा.स शाखा | वार्षिक २० जनाका दरले | सिप सिकेकाहरुको अभिलेख, कार्यसम्पन्न प्रतिवेदन | |
| १.१.२ विकास निर्माणका कार्य, कृषि, घरेलु उद्योग तथा कलकारखानामा सीप सिकेका श्रमिकलाई श्रमदाताहरुसँग सोझै सम्पर्क स्थापित हुने नेपाल सरकार, प्रदेश सरकारको श्रम संसार वेब पोर्टलमा अन्तर आबद्धता गराउन रोजगार सेवा केन्द्रले सहजिकरण गर्ने । | | | | | | |
| १.१.२.१ | उद्योग, पर्यटन, कृषिजन्य मेला तथा कार्यक्रमहरुमा रोजगार सेवा र परामर्श गर्ने । | रोजगार सेवा केन्द्र | कृषि शाखा, पशुपंक्षि विकास शाखा, योजना शाखा | आवश्यकता अनुसार | कार्यक्रम प्रतिवेदन | |
| १.१.२.२ | श्रम संसार वेब पोर्टलमा श्रमिक र श्रमदातालाई सोझै सम्पर्क गर्न सहजिकरण गर्ने । | रोजगार सेवा केन्द्र | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा | निरन्तर | श्रमसँग जोडिएको अभिलेख | |
| १.१.२.३ | वेब पोर्टल सञ्चालनका लागि श्रमिक र श्रमदातालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | रोजगार सेवा केन्द्र | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा, | ६ महिना | प्रगति प्रतिवेदन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | योजना शाखा | | | |
| रणनीति १.२ दिगो र उत्पादनशिल रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.२.१ उत्पादन हुने खाद्यन्न बालि, मसाला बालि, तरकारी पकेट, फलफुल खेती क्षेत्रको जमिनको छनौट, माटो परिक्षण गरि उत्पादनशिल रोजगारीको ढाँचा तयार गर्ने र पशुपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरि पकेट कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ । | | | | | | |
| १.२.१.१ | जमिन र बालीको पहिचान गरी सामुहिक तथा एकिकृत उत्पादनमा प्रोत्साहन हुने गरी अनुदान उपलब्ध गराउने । | रोजगार सेवा केन्द्र | कृषि शाखा | निरन्तर | उत्पादनमा वृद्धि भएको । | |
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचा का लागि जमिन मालिक र श्रमिकविच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रोजगार सेवा केन्द्र | कृषि शाखा, श्रमिक समुह जमिन मालिक | ३ महिना | जमिनकर्ता र श्रमिक विच समझदारी कायम भएको | |
| १.२.१.३ | खालि भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरि फलफुल, जडिबुटी खेतीको पहल गर्ने । | रोजगार सेवा केन्द्र | कृषि शाखा, श्रमिक समुह जमिनमालिक | निरन्तर | उत्पादन भएको । | |
| १.२.१.४ | कृषि उत्पादनलाई बजारीकरणका लागि सञ्चालनमा रहेका कृषि थोक तथा खुद्रा बजारको व्यवस्थापन, कृषिजन्य उत्पादनलाई संकलन र ढुवानी गरी कृषि बजार समक्ष पुर्याउने व्यवस्था गर्ने । | रोजगार सेवा केन्द्र | कृषि शाखा, उद्योग वाणिज्य संघ | दैनिक | उत्पादन भएका बस्तु बजारमा गएको हुनेछ। | |
| १.२.१.५ | सूचिकृत बेरोजगारलाई पशुपालन माछा पालन सेवामा आवद्ध हुन आधारभूत तालिम प्रदान गरी सम्बन्धित फर्मसँग जोडिन समन्वय गर्ने । | रोजगार सेवा केन्द्र, पशु पंक्षि | कृषि शाखा, श्रमिक समुह | ३० दिन | दुध र मासुको व्यापार भएको हुने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास शाखा | | | | |
| स्तम्भ नं. २<br>बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | | | | | | |
| रणनीति २.१ जीवनउपयोगि सीप मार्फत बेरोजगारयुवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | | | | | | |
| कार्यनीति २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागु गर्न सक्ने अवस्था विकास गर्न प्रविधि र पुँजीसँगको पहुचका लागि सम्बन्ध स्थापित गर्न पुलको रुपमा कार्य गर्ने । | | | | | | |
| २.१.१.१ | वार्षिक न्यूनतम ३० जनालाई उद्यमशिलता तालिम प्रदान गर्ने । | रोजगार सेवा केन्द्र, लै.स.सा.स शाखा | सरोकारवाला सबै | १५ दिन | उद्यमशिल तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | स्थानीय उत्पादन च्याउ, दुध, माछा, मासुजन्य, प्राङगरिक मल, ढाका कपडा, बुनाईका सामग्रीहरुको ब्राण्डिङ्ग, लेबलिङ्ग, प्याकेजिङ्गमा प्रोत्साहन र सहजिकरण गर्ने । | रोजगार सेवा केन्द्र, पशुपंक्षी विकास शाखा | उद्योग वाणिज्य संघ, कोशेली घर, सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सीप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम उपलब्धताका लागि श्रम मन्त्रालय, सामाजिक विकास मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, व्यवसायिक सिप विकास प्रतिष्ठान, CTEVT, विभिन्न परियोजनासँग समन्वय गरेर तालिम दिने व्यवस्था मिलाउने र सोको लागि आवश्यक सहजिकरण गर्ने । | | | | | | |
| २.२.१.१ | तालिम प्रदायक संस्थासँग कार्यलयको तर्फबाट कार्यक्रम, परियोजना माग, साझेदारीको कार्यक्रम सञ्चालन गर्ने, कार्यक्रम सञ्चालनका लागि समन्वय र | रोजगार सेवा केन्द्र | तालिम प्रदायक निकाय | ६० दिन, ९० दिन र आवश्यकता | तालिम लिनेको अभिलेख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहजिकरण गर्ने । | | | अनुसार | | |
| २.२.१.२ | तालिम प्राप्त व्यक्तिहरुलाई CTEVT मार्फत हुने Skill Test गरिने व्यवस्था मिलाउने । | रोजगार सेवा केन्द्र | लै.स.सा.स शाखा | ३० दिन | तालिम लिनेको अभिलेख | |
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनीति २.३.१ नगरपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अध्यावधिक अभिलेख राखिने, वार्षिकरुपमा सम्मान गर्ने । | | | | | | |
| २.३.१.१ | रोजगारदाताहरुको रोजगारीको क्षेत्रगतरुपमा तथ्यांक संकलन र अध्यावधिक गर्ने । | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | निरन्तर | रोजगारदाताको विवरण प्राप्त | |
| २.३.१.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरि कम्तिमा १०० दिनको रोजगारी दिने रोजगारदाता मध्येबाट मापदण्डका आधारमा वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने । | रोजगार सेवा केन्द्र | सरोकारवाला सबै | १ दिन | सम्मान गर्ने कार्यक्रम भएको हुने र श्रमिक र सीपको विवरण प्राप्त | |
| स्तम्भ नं. ३<br>बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | | |
| रणनीति ३.१ बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ बैदेशिक रोजगारमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरि छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिनेछ । | | | | | | |
| ३.१.१.१ | सीपको आधार तयार गरि बैदेशिक रोजगारमा जाने व्यक्तिलाई बिदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने । | रोजगार सेवा केन्द्र | तालिम प्रदायक निकाय, सामी परियोजना | १५ दिन | बैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.२ सुरक्षित वैदेशिक रोजगारीका लागि समुदायस्तरमा अभिमुखीकरण गर्ने । | | | | | | |
| ३.१.२.१ | सुरक्षित वैदेशिक रोजगारका लागि समुदायस्तरमा गहन | रोजगार सेवा | तालिम प्रदायक | ७ दिन | देश र पेशाका बारेमा जानकारी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम (बैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखिकरण गर्ने ।) | केन्द्र | निकाय | | भएको । | |
| ३.२ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | | | | | | |
| ३.२.१ बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरि उत्पादनशिल रोजगार तथा सीपका नया क्षेत्रको खोजी गर्ने र सोको सदुपयोग गर्ने । | | | | | | |
| ३.२.१.१ | बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको नगर सञ्जाल र वडा सञ्जाललाई क्रियाशिल बनाई सामाजिक एकिकरण र आर्थिक एकिकरण साथै पुर्नस्थापनाका लागि सहजिकरण गर्ने । | रोजगार सेवा केन्द्र | रेमी परियोजना | त्रैमासिक र आवश्यकता अनुसार | बैदेशिक रोजगारीबाट फर्केका विवरण प्राप्त हुने | |
| ३.२.१.२ | वैदेशिक रोजगारबाट प्राप्त अनुभव र ज्ञान एवम् सिपका नयाँ क्षेत्रलाई पालिकामा स्थापीत गराउन समन्वय गर्ने । | रोजगार सेवा केन्द्र | रेमी परियोजना | निरन्तर | नयाँ क्षेत्रमा स्वरोजगार सिर्जनाको अभिलेख | |
| ३.२.२ वैदेशिक रोजगारबाट फर्केकाहरुलाई मागमा आधारमा सिपमूलक तालिम र व्यवसाय प्रबर्द्धन सहयोग कार्यक्रम सञ्चालन । | | | | | | |
| ३.२.२.१ | विभिन्न शाखाहरुको कार्यक्रममा वैदेशिक रोजगारीबाट फर्केका हरुलाई प्राथमिकता दिने गरी मागमा आधारित कार्यक्रम समावेश गरी सञ्चालन गर्ने । | रोजगार सेवा केन्द्र | कृषि शाखा, लै.स.सा.स शाखा | वार्षिक | कार्यक्रम सम्पन्न प्रतिवेदन | |
| ३.२.३ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सिप र नवीनतम सोचलाई पालिकाबाट IDEA BANK मा अभिलेखिकरण गरी नीति तथा कार्यक्रममा र सुरक्षित लगानीमा प्रयोग गर्ने । | | | | | | |
| ३.२.३.१ | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सिप र नवीनतम सोचलाई IDEA BANK मा अभिलेखिकरण गर्ने र सोसँग | रोजगार सेवा केन्द्र | रेमी परियोजना, लै.स.सा.स शाखा | वार्षिक | वार्षिक समिक्षा प्रतिवेदन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धित रोजगार सेवा प्रदायकसँग समन्वय गरी परिचालन गर्ने । | | | | | |
| स्तम्भ नं. - ४<br>रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | | | | | | |
| कार्यनीति ४.१.१ सीप विकास, सहुलियतापुर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइनेछ । | | | | | | |
| ४.१.१.१ | रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने वित्तीय लगानी, सहुलियत कर्जा, लगानीकर्तासँग जोड्नका लागि वातावरण सिर्जना गर्ने । | रोजगार सेवा केन्द्र | निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, सहकारी, लगानीकर्ता | २ महिना | एकिकृत सेवा पाएका हुने | |
| ४.१.२ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानूनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | | | | | | |
| ४.१.२.१ | संगठित तथा अनौपचारिक क्षेत्रका रोजगारदाता र श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन अभिमुखीकरण, समन्वय र सहजिकरण गर्ने । | रोजगार सेवा केन्द्र | सरोकारवाला निकाय सबै | ६ महिना | सामाजिक सुरक्षा कोषमा आबद्ध भएको हुने । | |
| ४.१.३ श्रमको सम्मान, राष्ट्रको अभियानलाई स्थानीयकरण गर्न श्रमिकहरुलाई नेपाल सरकारको न्यूनतम पारिश्रमिक उपलब्धताको सुनिश्चित गर्ने, बिमा, कार्यस्थलमा सम्मानजनक व्यवहारको सुनिश्चित गर्न/गराउन आवश्यक कार्य गर्ने । | | | | | | |
| ४.१.३.१ | कार्यस्थलको अनुगमन, रोजगारदातासँग छलफल कार्यक्रमबाट समस्याको पहिचान, गुनासो सुन्ने व्यवस्था | रोजगार सेवा केन्द्र | रोजगारदाता र श्रमिक । | त्रैमासिक | न्यूनतम पारिश्रमिक सुनिश्चित भएको । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिलाउने । | | | | | |

# अनुसूची ४

## नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य ( आ.ब ) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | न्युनतम रोजगारीमा संलग्न व्यक्ति | जना | १०० | १५० | २०० | ३०० | ४५० | ५५० |
| २ | पुर्वाधार विकासमा संलग्न तर्फ | जना | १०० | १५० | २२० | ३०० | ३६० | ४५० |
| ३ | उत्पादनशील रोजगारीमा संलग्न तर्फ | जना | ४०० | ४५० | ५०० | ५५० | ६०० | ७०० |
| ४ | रोजगार आयोजनामा सीप पाएको जनशक्ति संलग्न | जना | ५० | १०० | २०० | ३०० | ४०० | ५०० |
| ५ | उत्पादनशील र दिगो रोजगारी स्थान छनौट कृषि तर्फ | ठाँउ | १,२,४,९,८ वडा | ३ | ५ | ७ | ८ | ९ |
| ६ | न्युनतम | जना | ५० | १०० | १५० | २०० | २५० | ३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रोजगारमा आवद्ध हुने श्रमिकलाई परार्मश सीप विकास पुर्वाधार तर्फ | | | | | | | |
| ७ | उत्पादन तरकारी तर्फ न्यूनतम रोजगारीमा संलग्न लाई सीप | जना | ५० | १०० | १५० | २०० | २५० | ३०० |
| ८ | मसालाबाली तर्फकोमा रोजगारी | जना | ६० | ८० | १२० | २०० | ३०० | ५०० |
| ९ | जडीबुट्टि तर्फ रोजगारी | जना | - | - | - | - | - | - |
| १० | पशुपालन तर्फ रोजगारी | जना | १२० | १६५ | १८५ | १९५ | २१० | २२५ |
| ११ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन कर्षि तर्फ | वटा | ५ | १० | २० | २५ | ३५ | ४० |
| १२ | उत्पादनशिल रोजगार श्रमिक समुह गठन | वटा | ५ | १० | २० | २५ | ३५ | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पशुपालन तर्फ | | | | | | | |
| १३ | रोजगारदाता विवरण | संख्या | ५० | ८० | १३० | १७० | १८० | २०० |
| १४ | उद्यमशिलता विकास तर्फ सीप विकास | संख्या | ३० | ५० | ८० | १२० | १५० | ३०० |
| १५ | कार्यस्थलमा आधारित तालिम पाउने संख्या | जना | १० | ३० | ४० | ८० | १०० | २०० |
| १६ | रोजगारदाताको सम्मान | जना | ३ | ५ | ८ | १२ | १५ | २० |
| १७ | बैदेशिक रोजगारमा आवश्य पर्ने सीपको पहिचान र छोटो अवधिको सीप सीकाउन | जना | २० | ५० | १०० | १८० | २०० | २५० |
| १८ | बैदेशिक परार्मश र अभिमुखिकरण | पटक | ३ | ४ | ५ | ६ | ६ | ६ |
| १९ | बैदेशिक रोजगारीमा गएको विवरण | जना | १०० | २०० | ३०० | ३५० | ३५० | ३५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २० | बैदेशिक रोजगारीबाट फर्केकाको संकलन विवरण | जना | १०० | १५० | २०० | ३०० | २५० | ३०० |
| २१ | सहुलियतपुर्ण कर्जा लिने संख्या | जना | १० | १२ | १५ | १८ | २० | २५ |
| २२ | वित्तिय साक्षरता | जना | १५ | २० | २५ | ३० | ४० | ५० |
| २३ | उद्यमशिलता | जना | १५ | २० | ३० | ५० | १०० | १५० |
| २४ | स्वरोजगार तर्फ | जना | १८ | २२ | २५ | ३० | ४० | ५० |

# खण्ड –९

## श्रोत परिचालन र बजेट व्यवस्थापन( **Resource Mobilizations and Budget management)**

उर्लाबारी नगरपालिका नगरपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनीति योजनामा आधारित भई तर्जुमा गरिनेछ ।रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमितरुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिब श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ । रणनीतिक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष |
|---|---|

| स्तम्भ- १: आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
|---|---|---|---|---|---|
| | १२ लाख | १५ लाख | १५ लाख | २० लाख | २० लाख |
| रणनीतिक स्तम्भ- २: बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति | ८ लाख | १० लाख | १० लाख | १० लाख | १५ लाख |
| स्तम्भ- नं. ३ बैदेशिक रोजगारलाई उपलव्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग | ५ लाख | ५ लाख | १० लाख | १५ लाख | १५ लाख |
| स्तम्भ- नं. ४ रोजगारमूलक सेवालाई उपलव्धिमूलक र रोजगारमैत्री | ५ लाख | १० लाख | १५ लाख | १५ लाख | २५ लाख |

## खण्ड – १०

## रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्क सम्बन्धी व्यवस्था ( Steering Committee Monitoring ang Evaluation )

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समितिः

यस उर्लाबारी नगरपालिका नगरपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्याङ्कन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ बमोजिमको स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयन निर्देशक समितिको रुपमा कार्य गर्नेछ ।

## १०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः

(क) रणनीतिक उदेश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि नगर सभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालीन रुपमा समाधान गर्न रोजगारी रणनिति योजनालाई प्रभावकारी कार्यान्वन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलव्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानीय तहको बजेट निर्माण गर्नु पुर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरि आवश्यक सुझाव दिने ।

(ङ) श्रम बजारको माग बमोजिमको रोजगारमूलक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने ।

(च) सरकारी तथा गैरसरकारी निकायसँग रोजगारी सृजना सम्बन्धी आवश्यक सहकार्य समन्वय गर्ने ।

(छ) रणनीति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमिक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने

## १०.३ रोजगार रणनीति (आ.व. २०८०/०८१-०८४/०८५) को अद्यावधिक गर्न बनेको कार्यदल

संयोजक – श्री कल्याणकुमार राई (वडाध्यक्ष,वडा नं – ४)

सदस्य – श्री गोविन्द कार्की (लेखा अधिकृत)

सदस्य – श्री विकाश दाहाल ( अधिकृत)

सदस्य – श्री कुबेर प्र. ढकाल (आलेप अधिकृत)

सदस्य – श्री सुमित खवास ( कम्प्युटर अपरेटर)

सदस्य सचिब – श्री विनिता शर्मा ( रोजगार संयोजक)

## खण्ड- ११

## जोखिम व्यवस्थापन( Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरि देहाय बमोजिम उल्लेख गरिएकोछ ।

क) श्रोत व्यवस्थापन

ख) सरकारी गैरसरकारी र निजीक्षेत्रबिच प्रभावकारी समन्वय

ग) रोजगारी सम्बन्धि स्थानीय सरकारको अपनत्व

घ) शाखागत समन्वय

ङ) सरोकारवाला निकायहरुको दृष्टिकोण

च) प्रदेश र स्थानीय तहमा समन्वय

# अनुसूची १

## माईन्युटको फोटोकपि